**वीरेन्द्रनगर नगरपालिका**

नगरकार्यपालिकाको **कार्यालय ,सुर्खेत**

**मिति २०७९।१०।२९ गतेका दिन बसेको वीरेन्द्रनगर** नगरकार्यपालिकाको **पन्धौं बैठकबाट देहाय वमोजमका निर्णयहरु पारित गरियो ।**

निर्णय न. १

यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्ने ।

निर्णय न. २

यस नगरपालिकाको देहायका रणनितिक तथा दिर्घकालिन महत्वका आयोजना तथा कार्यक्रमहरुलाई नगरपालिकाको आयोजना वैंक (Project Bank ) को रुपमा राखी सोको कार्यान्वयनका लागि संघीय सरकार,प्रदेश सरकार तथा विकास साझेदारसँग सहकार्य गर्ने गरि आगामी नगर सभा समक्ष पेश गर्ने ।

| वडा नं. | कार्यक्रम तथा योजना नाम |
|---|---|
| १ | १. कर्णाली वसपार्क निर्माण<br>२. हटलाईनो जिरो पोईन्टबाट जनकल्याण हुँदै सुपारे आँप सम्म सडक विस्तार व्यवस्थापन एंव स्तरोन्नती<br>३. राम बहादुर वोगटीको घर देखि उत्तर कोपीला भ्यालीको पश्चिम गेट हुदै धारापानी प्लानिङ्ग सडक स्तरोन्ती<br>४. सन्त बहादुर गाहाको घर देखि उदय थापाको घर हुदै केश थापाको मिल जाने प्लानिङ्ग सडक व्यवस्थापन तथा स्तरोन्ती<br>५. साविक वडा नं. १ र २ को सिमा सडक रत्न राजमार्ग देखि सुपारे आँप हुँदै धारापानी टंकी सम्म सडक स्तरोन्ती |
| २ | १. कोलडाँडा ठुलो थारु गाँउ देखि एकता टोलसम्मको सडक कालोपत्रे<br>२. गोरख शाहीको घर देखि पूर्ण सक्रिय पन्चकोसी चौक हुदै रिङ्ग रोड सम्मको सडक कालोपत्र<br>३. रानीघाट धार्मिक पर्यटक क्षेत्र निर्माण<br>४. बाङ्गेसिमल बालउद्यान निर्माण<br>५. आनन्द मा.वि. कृष्णगन्ज पक्की वाल र खेल मैदा निर्माण |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | |
|---|---|
| ३ | १. सौगात चोक देखि ईटौरा गाँउ हुँदै तिलपुर नया पुल सम्मको बाटोको स्तर उन्ती गर्ने (ईटौरा टोल)<br>२. काठकुवामा खानेपानीको मुहान संरक्षण गरि १ लाख लिटरको आकाशे टंकी निर्माण गर्ने (ईटौरा टोल)<br>३. झरना टोल र पञ्चज्वाला टोल बिच खोर्के खोलामा पक्कि पुल निर्माण गर्ने (झरना टोल र पञ्चज्वाला टोल)<br>४. टिकाराम गौतमको घर देखि चिलाउने ताल हुँदै पश्चिम सम्मको बाटोको स्तरउन्नती गर्ने<br>५. दुर्गा वोहोराको घर देखि सनिराम चौधरीको घर सम्मको नाला निर्माण तथा कालोपत्रे गर्ने (मंगलगढी शान्ती टोल) |
| ४ | १. रातो पूल देखि वीरेन्द्रनगर नगरपालिका वडा नं.४ र १ जोडने सिमाना खोला सम्मको फुटपात दुवै तर्फ ग्रावेलल तथा स्तर उन्नती गरि पैदल यात्रालाई सहज बनाउने<br>२. छवि आधारभुत विद्यालयको ३ कोठे भवन निर्माण<br>३. प्रदेश आयुर्वेद अस्पताल देखि जनजागरण सामुदायक वन हुँदै भैरम सामुदायिक वनको गेट सम्म नाला सहित कालो पत्रे योजना<br>४. जनजागरण सामुदायिक वनको पश्चिम गुनापानी पूर्व खोर्केखोला सम्म तारवार निर्माण योजना<br>५. अम्मर बहादुर थापाको घरदेखि दक्षिण यरिचोक सम्म जोडने बाटो नाला निर्माण सहित कालोपत्रे योजना |
| ५ | १. आदर्श समाज टोल तारा दहालको घर देखि चिसापानी रंगशाला ७०० मिटर बाटो पिच निमाण गरी नमुना सडक विस्तार<br>२. शान्तीलाईन टोल गणेश चोक देखि कारागार सम्म ७०० मिटर बाटो विस्तार र पिच निर्माण गरि नमुना सडक विस्तार र पिच निर्माण<br>३. सक्षम टोल चोक देखि पुरानो मसला घारी सम्म ४०० मिटर अधुरो पिच सडक निर्माण<br>४. खम्बालाईन गणेश चोक देखि रामजानकि सामुदायिक वन सम्म करिव ६०० मिटर पिच मर्मत निर्माण<br>५. दुरसंचार पश्चिम तर्फ कालिका टोल आउने साघुरो रातो पुल निर्माण<br>६. आधारभुत स्वास्थ्य सेवा केन्द्र भवनको माथिल्लो तला निर्माण |
| ६ | १. ने.क.पा. माओवादी पार्टी कार्यालय देखि नव निर्मित ६ नं. वडा कार्यालयको प्रशासनिक भवनबाट दक्षिण तर्फ ॐ सान्ती मार्ग तर्फ जोड्ने मार्गमा नाला तथा |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | |
|---|---|
| | बाटो कालोपत्रे तथा स्तरोन्नती कार्य ।<br>२. गणेश चोक देखि काठको पुलबाट पश्चिम तर्फ रातोपूल सम्मको बाटो स्तरोन्नती कार्य ।<br>३. वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ कर्णाली प्रदेश कै राजधानी र प्रमुख व्यवसायिक वडाको रुपमा रहेकाले यस वडा लाई पर्यटकीय रुपमा नमूना क्षेत्रको विकास गर्न भौतिक रुपमा बनिरहेका नया वाटो समेतलाई हेरी यस वडाको फोहर व्यवस्थापन आवश्यक रहेको ब्रुमर तथा स-साना टोलमा फोहर संकलनका लागि ठेला ,गाडा व्यवस्थापन कार्य ।<br>४. रत्न राजमार्ग देखि उत्तर विष्णु शाहीको घरबाट शान्ति टोल, प्रगतिटोल, पुलचोक टोलको भित्रि सडक खण्ड हुँदै सिद्दार्थ बोडिङ स्कुलबाट ॐ कारेस्वर मन्दिर देखि वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ को गणेश मन्दिर जोड्ने बाटोको निकास तथा सडक स्तरोन्ती कार्य<br>५. दशरथपथ टोल स्थित गोदामलाईन उद्योग वाणिज्य संघ हुदै वसपार्क जानेबाटोको स्तरोन्ती कार्य |
| ७ | १. कटुका पर्यटकिय पार्क निर्माण<br>२. सुनौलो टोल र श्रृजनशिलको बिचको बाटोलाई हटलाईनमा जोड्ने<br>३. थिर बहादुर बाघघरेको घर देखि पूर्व तर्फ ईत्राम खोला जाने सडक र ईत्राम खोला वडा नं. ७ लाई तटवन्धन निर्माण कार्य गर्ने ।<br>४. जनहित टोलको भिम रानाको घर देखि उत्तर तर्फबाट फुलबारी जागृती टोल जाने बाटो स्तरोन्ती कार्य<br>५. लक्ष्मि टोलको बालकुमारीको घर देखि उत्तर तर्फ जाने सडक स्तरउन्ती कार्य गर्ने । |
| ८ | १. क्याम्पस रोड देखि ईत्राम खोला सम्मको सडक स्तरोन्ति तथा एरपोर्ट जाने पुल निर्माण<br>२. ८ नं.वडामा भएका विभिन्न पार्क संरक्षण तथा विशेषतामा आधारित पार्क निर्माण गर्ने<br>३. नेपाल राष्ट्रिय माध्यामिक विधालय र बालमन्दिर विधालय एकिकरण तथा भौतिक पूर्वाधार निर्माण गर्ने ।<br>४. ईत्राम खोलाको करिडोर निर्माण गर्ने<br>५. वडा नं. ८ मा डिपबोरिङ्ग पानी व्यवस्थापन गरि ८ नं. वडामा पानीको अभावलाई |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल [redacted]
नगर प्रमुख

| | |
|---|---|
| | दिर्घकालिन रुपमा सुनिश्चित गर्ने । |
| ९ | १. तिलपुर धोग्रनी हुँदै अलायचौर धरमपुर जोड्ने सडक स्तरोन्नती<br>२. मैगलगढी एकल महिला हुँदै शिव मा.वि. जोड्ने सडक स्तरोन्त्री<br>३. पिपल डाँडा वस्नेतको घर देखि वुलवुले जाने सडक स्तरोन्ती<br>४. अलायचौर वुलवुले हुँदै भेरीगंगा जोड्ने बाटो रेखाङ्कन तथा स्तरोन्ती<br>५. कालिमाटी देखि कोल्ड स्टोर निर्माण स्थल जाने बाटो स्तरोन्ती |
| १० | १. बामे खोला देखि भेरी पुल जाने सडक स्तरोन्नती<br>२. दिपनगर महिला विकास केन्द्र भवन निर्माण<br>३. माउतेकुना, सानो सुर्खेत खेल मैदान निर्माण<br>४. वुलवुले उद्यान देखि काँकैरबिहार जोड्ने तटबन्धन सहित सडक निर्माण<br>५. हाट बजार, खुल्ला जिम खाना र जेष्ठ नागरिक चौतारी निर्माण |
| ११ | १. चारकुने मार्ग र चौके ढुङ्गा सिमलकुना मार्ग<br>२. गाग्रेताल मार्ग (गाग्रेताल देखि डाँडा हुँदै रत्न राजमार्ग र खुमलाल भण्डारीको घर देखि पूर्व यज्ञ प्रसाद सापकोटाको घर सम्म)<br>३. पिपिरा चोक देखि नेवारे खोलाको करिडोर हुँदै वस्तिपुर सम्म पश्चिम तर्फ निर्मल अधिकारीको घर सम्म सडक स्तरोन्ती<br>४. सन्तोष राईस मिल देखि रत्नराजमार्ग आसपास जोडिएका सम्पूर्ण सहायक सडक स्तरोन्ती<br>५. रत्न राजमार्ग देखि अछामि डाँडा स्वास्थ्य चौकी जोड्ने सडकका साथै भित्री वाटाहरु स्तरोन्नती<br>६. धपालि घाट देखि वी.न.न.पा. ११ सारु टोल जोड्ने नेवारे खोला माथि पक्कि पुल निर्माण । |
| १२ | १. भावर टोल देखि सुकुम्वासी वस्ति हुदै उत्तर नारायण टोल तथा सरस्वती टोलको बाघखोर सम्म सडक कालोपत्रे गर्ने कार्य<br>२. वडा स्तरिय वृहत मेघा स्कुल संचालन कार्य गर्ने<br>३. तिनकुने चोक देखि उत्तर सुर्खेत विमान स्थल हुँदै पश्चिममा हावापानी कार्यालय देखि बिच भावर टोल सम्म सडक स्तरोन्ती कार्य गर्ने<br>४. भविलाल भण्डारीको घर देखि भेरीपाटे टोल सडक स्तरोन्नती कार्य गर्ने<br>५. पश्चिम पृतना हेडक्वाटर  नेवारे हुदै उत्तर कृषि तथा पर्यटकिय स्थल जर्वुटा डाँडा जाने  सडक स्तरोन्ती कार्य गर्ने । |

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत, २०७३

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | |
|---|---|
| १३ | १. करेखोला देविस्थान पाँचघरे सडक स्तरोन्ती<br>२. मा.वि. करेखोला स्वास्थ्य चौकी  दहालडाँडा जर्वुटा सडक स्तरोन्ती<br>३. देविस्थान खावा पखेरा लामिडाँडा पाँचमुले सडक<br>४. करेखोला आफर सडक खण्डको करैखोलामा पक्की पुल निर्माण<br>५. पाँचघरे हुँदै कपासे सडक स्तरोन्नती |
| १४ | १. छेडा वैलकाँडा हुँदै बाघरखोर सडक स्तरोन्नती (कालो पत्रे)<br>२. चन्दने तथा थाली खानेपानी निर्माण तथा व्यवस्थापन<br>३. पर्यटन प्रवर्द्धनमा सहिद पार्क निर्माण तथा व्यवस्थापन<br>४. सिद्ध मा.वि. भवन  तला थप तथा फर्निचर व्यवस्थापन<br>५. छेडा दर्नाकोट, तिजुगैरा थाली सल्लेरी  उदोखोला  छेडा राम्चे थाली सडक स्तरोन्ती |
| १५ | १. वीरेन्द्रनगर नगरपालिका १५ नं. वडाको प्रशासनिक भवन निर्माण<br>२. खुर्सानी वारी पुल तथा वडा कार्यालय हुँदै कुलेखानी सम्मको सडक निर्माण<br>३. दैविल्ला पुल तथा रतु निगालपानी सडक निर्माण<br>४. कान्छी बजार हुदै वडा कार्यालय रतु हुँदै १६ नं. वडा जोड्ने सडक निर्माण<br>५. वडा विद्युतीकरण विस्तार |
| १६ | १. वत्ती विस्तार वडाभरी<br>२. खलाकाटे वडा कार्यालय मोटर बाटो स्तरोन्ती<br>३. भिउचुला  खलाकाटे वडा कार्यालय बार्हघर स्याँहाला पाम्का सडक स्तरोन्ती<br>४. नेवारे करेखोला साटाखानी मेहेली भिउचुला सडक स्तरोन्ती<br>५. वडा कार्यलय तीनघरे भित्रीखोला ढुकुरे चिङ्गाडा जोड्ने सडक स्तरोन्ती |
| | **विभिन्न वडाहरुबाट झोलुङ्गे पुल मागका लागि देहायका आयोजनाहरु माग भई आएकाले लागत अनुमान तयार गरी संघीय र प्रदेश सरकार सँग अनुरोध गर्ने ।**<br>१. खोर्के खोला जिरोड्याम नजिकको झोलुङ्गे पुल वी.न.न.पा. ४ र ५ सुर्खेत ।<br>२. ईत्राम खोला झोलुङ्गे पुल  दत्तात्रेय मन्दिर नजिक  वी.न.न.पा. ७ र १२ सुर्खेत ।<br>३. गोपितङ झोलुङ्गे पुल निर्माण  वी.न.न.पा १६ (गर्पन र सियाला बिच)<br>४. त्रिपुरेश्वर केराघारी खोला  झोलुङ्गे पुल वी.न.न.पा. १ सुर्खेत ।<br>५. विरुवा वारी चोक देखि पश्चिम गाग्रेताल छेडा जोड्ने सडकमा वेलि व्रिज निर्माण<br>६. भेरीपारे टोल देख वडा नं. ११ जोड्ने गुरुङ्ग टोल सडकमा वेलि व्रिज निर्माण |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | |
|---|---|
| | ७. वी न पा ११ र १२ बाहिनीरोड पिपिरा पृतना नेवारेखोला पक्की पुल<br>८. चौखेढुङगा १० र ११ जोड्ने महतारा टोल बेली बिज्र पुल निर्माण<br>९. अछामी डाँडा र ढोलढुङा नाला खोलामा बेली बिज्र निर्माण<br>१०. ढोलढुङगा नेवारे खोला १० र ११ को सिमानामा ट्रस पुल निर्माण<br>११. गाग्रेताल स्कुल देखी बंगालेडाँडा जाने बाटो नारा खोला पुल निर्माण<br>१२. रिङ रोड चारकुने देखी सिमलकुना सम्मको २ वटा कल्वर्ट निर्माण मदन भण्डारी राजमार्ग देखी ग्रागेताल स्कुल सम्म ७ वटा कल्भर्ट निर्माण<br>१३. नारा खोला ग्रागेताल पुल निर्माण |

निर्णय न. ३

राष्ट्रिय भुमी आयोगको काम सिघ्र रुपमा अघि वढाउन थप आवश्यक जनशक्ती व्यवस्थापन गरी काममा लगाउने व्यवस्थाका लागि यस नगरपालिकामा गत विगत देखिनै करारमा नियुक्ती भई तत्कालिन भुमी सम्वन्धी समस्या समाधान आयोग विघटन पश्चात आयोगको काम सुचारु भएपछी पुन कामकाजमा लगाउने गरि सम्झौता भंग गरिएका कर्मचारीहरुको सन्दर्भमा यस नगरपालिकाको भुमी सेवा केन्द्रबाट पेश भए वमोजिम देहायका ५ जना कर्मचारीहरुको मिति २०७९ फागुन १ देखि लागु हुनेगरि २०८० असार मसान्त सम्मको लागि साविक वमोजिमको सेवा,सुविधा उपलव्ध हुने गरी करार सेवा नविकरण गरि कामकाजमा लगाउने ।

निम्न:

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | मदन लामीछाने | अमिन |
| २ | करिष्मा के.सी. | अमिन |
| ३ | सन्जना के.सी. | अमिन |
| ४ | नन्दकला रोकाय | फिल्ड सहायक |
| ५ | युमाया घर्तीमगर | फिल्ड सहायक |

निर्णय न. ४

यस नगरपालिका, के.पी. व्यवसाय सेवा प्रा.लि. र वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र बीच मिति २०७६।११।२७ मा भएको त्रिपक्षीय सम्झौता अनुसार जैविक मल तथा उर्जा उत्पादन स्थापनाका लागि प्लान्ट निर्माण सम्पन्न भएकाले नगरको कुहिने फोहोर संकलन गर्नका लागी १ वटा विशेष प्रकृतिको ट्रली

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

खरिद गर्नका लागि रकम (रु.३ लाख मात्र) चालु आ.व. २०७९।८० को फोहोरमैला व्यवस्थापन शिर्षकबाट सहकार्य गर्ने ।

निर्णय न. ५

यस वीरेन्द्रनगर नगरपालिकाको ९ नं. वडा कार्यालयको चं. न. १०२५ मिति २०७९।०८।०६ गतेको प्राप्त पत्र बमोजिम काँक्रिबिहार संरक्षण क्षेत्रमा वडा न. ९ को कार्यालयले विगत देखी मन्दिर प्रवेश टिकट काट्ने कार्यका लागि केही कर्मचारीहरुको व्यवस्थापन गर्दै आईरहेकोमा २०७९ श्रावण देखी हाल सम्मको संकलित राजश्व रकम नगरपालिकाको खातामा के कति जम्मा भएको छ? एकिन गरी राजश्व शाखालाई प्रतिवेदन पेश गर्न लगाई उक्त राजश्व संकलनको योगदानको आधारमा कर्मचारीहरुको पारिश्रमिक भुक्तानी हुने गरी मिति २०७९ श्रावण १ देखि लागु हुने गरि करार म्याद थप गरी कामकाजमा लगाउन वडा कार्यालयलाई अधिकार प्रदान गर्ने ।

निर्णय न. ६

भवन तथा वस्ती विकास उप–शाखाबाट सम्पादित हुने सेवा प्रवाहलाई थप व्यवस्थित गराउने तथा सुरक्षित भवन निर्माण र व्यवस्थित शहर निर्माण गर्न देहाय बमोजिम गर्ने ।

१.भवन तथा वीरेन्द्रनगर नगरपालिकाले हाल सम्म घर नक्शापास गर्दा Lay-out दस्तुर वापत लिईदै आएको राजश्व मिति २०७९/११/०१ गतेदेखि सोही शीर्षकमा Lay-out चेक जाँच तथा सडक अधिकार क्षेत्र छुट्टयाउने दस्तुर वापत लिने ।

२.शहरीकरण बढेसँगै होटलहरुमा Swimming Pool नक्सापास गर्नेको संख्या वढेको कारण उक्त संरचनाको नक्सापास दस्तुर कायम नभएको हुँदा रु ५० प्रति स्कायर फिटका दरले नक्सापास दस्तुर कायम गर्ने ।

३.भवनको नक्सा चेक जाँच गर्न आउँदा गुगल म्याप (Google Map) ल्याउने प्रावधान भएकोमा उक्त प्रावधानलाई कलर प्रिन्ट गरि ल्याउने ।

४.भवन तथा वस्ती विकास उपशाखाबाट भवनको नक्सापास गर्दा परामर्शदाताबाट जग विम (Foundation beam) वा स्ट्रायाप (Strap Beam) सहित घरधनी /जग्गाधनी र परामर्शदाता सहित देखिने फोटा प्रमाणित गरि पठाउने।

५.भवनको निर्माण सम्पन्न प्रमाण पत्र लिनका लागि वडा कार्यालयको पत्र अनिवार्य भएको र निर्माण सम्पन्नको सिफारिस दिंदा मालपोत तथा भूमि करको सफ्टवेयर (Software) मा घरको क्षेत्रफल समावेश गरेको प्रमाण सहित वडा कार्यालयबाट सिफारिस गर्ने ।

६.नक्सापास तथा निर्माण सम्पन्न प्रमाण पत्र लिई सकेको भवनहरु मालपोल कार्यालयबाट घर समेत भनी खरिद बिक्रि भएकालाई नक्सापास / निर्माण सम्पन्न नामसारीका लागि आएमा १००० वर्ग फिट सम्मका लागि रु २००० र सो भन्दा माथि वर्ग फिट भएकालाई रु ४,००० नामसारी दस्तुर तोक्ने ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

७.नक्सा दर्ता गरि वषौ सम्म छाड्ने गरेका कारण त्यस्तो समस्या समाधान गर्नका निम्ति नक्सा दर्ता मितिले २ वर्ष सम्म आशिंक नक्सापास लिई सक्नु पर्ने, सो समय सम्म नलिएमा पुनः १०० प्रतिशत राजस्व लिई नक्सापास लिनुपर्ने, आशिंक नक्सापास लिएको १ वर्ष भित्र पूर्ण नक्सापास लिईसक्नुपर्ने सो समयमा नलिएमा पुनः १०० प्रतिशत राजस्व लिई पूर्ण नक्सापास लिनु पर्ने ।

८.परामर्शदाताहरुले नक्सापासको लागि नक्सा चेक गराउन आउँदा नै Septic tank को नक्सा सहित आउने घरधनीले Septic tank को निर्माण गर्दा Septic tank को मापदण्ड अनुसार नै निर्माण गर्नुपर्ने ।

९.कुनै कारणले क्षेत्रफल फरक नपर्ने गरी र भवन निर्माण मापदण्डको रहि नक्सा संशोधन गर्नुपरेमा एक तलाको रु १००० का दरले नक्सा संशोधन दस्तुर लिई नक्सा संशोधन गरिदिने र क्षेत्रफल नै फरक परेमा बढी भएको क्षेत्रफलको स्वीकृत दरको थप राजस्व लिई भवन निर्माण मापदण्ड बमोजिमको अधिनमा रहि संशोधन दस्तुर समेत लिई संशोधन गरिदिने ।

१०.भवन निर्माण सम्वन्धी तालिम प्राप्त डकर्मीहरुको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा राखी सम्वन्धीत डकर्मी वडा वा निर्माण कम्पनीको आधिकारिक प्रतिनिधि कार्यालयमा उपस्थित भए पछि मात्र आंशिक नक्सापास दिने व्यवस्था मिलाउने । साथै डकर्मीहरुका कारण भवन निर्माण मापदण्ड २०७२ बमोजिम निर्माण नगरेको पाईएमा सम्वन्धित डकर्मीको सक्कल प्रमाण पत्र रद्ध गर्ने व्यवस्था गर्ने ।

११.सरकारी भवन तथा विद्यालयहरुको अनिवार्य रुपमा नक्सापास गर्ने व्यवस्था मिलाउने ।

१२.वीरेन्द्रनगर नगरपालिका क्षेत्र भित्र निर्मित सामुदायिक भवनहरुको अनिवार्य नक्शापासको दायरामा ल्याउनुका साथै डिप वोरीङ निर्माण गर्दा पुर्व स्वीकृतीलाई वाध्यकारी गराउने ।

**निर्णय नं ७ : अन्य विविध**

(क) वीरेन्द्रनगर नगरपालिका क्षेत्र भित्र व्यवस्थित कृषि बजार विकास र पशु विकासमा आत्मनिर्भरता कायम राख्न उपयुक्त स्थानमा नगर क्षेत्र भित्र व्यवस्थित हाट बजारको व्यवस्थापन गर्नका लागी कार्यविधि तयार गरी व्यवस्थित कृषि तथा पशु हाटबजार स्थल निर्माण गर्ने ।

(ख) यस वीरेन्द्रनगर नगरपालिका वडा न. ३ स्थित हरिडिल भूमि विद्यालयमा प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचन,२०७९ को पाँच वटा मतदान केन्द्र रहेको र मतदान केन्द्रलाई व्यवस्थित गर्नका लागी तत्कालिन अवस्थामा विद्यालय प्राङगणमा अत्यावश्यक कार्य गरिएकोमा सो कार्य गर्दा खर्च भएको रकम रु.८० हजार चालु आ.व. को टुक्रे योजना शिर्षकबाट खर्च लेख्ने ।

(ग) वीरेन्द्रनगर नगरपालिका र रोयल विल्डर्स वीच झुप्रा खोलामा रहेका नदिजन्य पदार्थ संकलन विक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको सम्झौता भई संकलन तथा निकासी कार्य समेत शूरु भएकोमा रोयल विल्डर्सले दुवै पक्ष वीच भएको सम्झौताको शर्त नं. ४३ (ढुङ्गा गिट्टी वालुवाको संकलन गर्दा एक्साभेटर ड्रोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइने छैन तर विशेष परिस्थितीको

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल
२०७४

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

सन्दर्भमा नदिजन्य पदार्थ वीरेन्द्रनगर नगरपालिका, जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय वमोजिम हुनेछ) अनुसार वालुवा संकलनका लागि भारी यन्त्र प्रयोग गर्न पाउँ भनि पेश गरेको निवेदनको सन्दर्भमा भारी यन्त्र सञ्चालन गर्न दिनु पर्ने वा नपर्ने भन्ने विषयमा योजना तथा वातावरण शाखा, पूर्वाधार विकास शाखा र जिल्ला अनुगमन तथा समन्वय समितिको समेत राय परामर्श लिई नगर उप-प्रमुख संयोजक रहेको संयुक्त अनुगमन समितिले स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा निर्णयका लागि आगामी कार्यपालिकामा पेश गर्ने ।

(घ) वीरेन्द्रनगर नगरपालिका वडा नं. १६ मा संघीय सरकारबाट विनियोजित भ्युचुला खलाकाट्टे वडा कार्यालय वीरेन्द्रनगर नगरपालिका वडा नं. १६, सुर्खेत हुनुपर्नेमा भ्युचुला खलाकाट्टे वडा कार्यालय छत्रेश्वरी ३ सल्यान भई ठेगाना फरक परेकोले उक्त योजनाको ठेगाना भ्युचुला खलाकाट्टे वडा कार्यालय वीरेन्द्रनगर नगरपालिका वडा नं. १६, सुर्खेत कायम गर्न भौतिक पूर्वाधार मन्त्रालयमा सिफारिस सहित पत्राचार गर्ने ।

(ङ) यस नगरपालिकाको ल्यान्ड फिल्ड साईडमा फोहोर व्यवस्थापनमा सम्लग्न जोखिमपूर्ण कार्य गर्ने कर्मचारीहरुको न्युनतम पारिश्रमिक दर मिति २०७९ फाल्गुन देखि लागु हुने गरि मासिक रु.१८ हजार कायम गर्ने ।

(च) यस नगरपालिकामा उपप्रमुख संयोजक रहेको योजना अनुगमन तथा सुपरिवेक्षण समितिले पेश गरेको २०७९ पौष मसान्तसम्मको प्रतिवेदन स्वीकृत गर्दै समितिबाट फरफारकका लागि सिफारिस भएको आयोजना तथा कार्यक्रम प्राविधिक प्रतिवेदनका आधारमा फरफारक गर्ने ।

२०७९/१०/२५
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

२०७९/१०/२५
मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख